## केपिलासगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८ सङ्ख्या ८ मितिः २०८१/०७/१२

**भाग- २**

**केपिलासगढी गाउँपालिका**

**केपिलासगढी गाउँ कार्यपालिकाको कार्यालय**


## कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

कोशी प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा गठन तथा सञ्चालन) अध्यादेश, २०८०" मा रहेको तहवृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी केपिलासगढी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरिएको छ।

केपिलासगढी गाउँपालिका, खोटाङ

१. **सक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "***कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१*** रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. **"अध्यक्ष"** भन्नाले केपिलासगढी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ख. **"ऐन"** भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ।

ग. **"कर्मचारी"** भन्नाले कर्मचारी समायोजन ऐन२०७५ बमोजिम समायोजन भई आएका, विभिन्न विकास समितिबाट समायोजन भई आएका तथा कर्मचारी समायोजन ऐन२०७५ बमोजिम संघीय लोक सेवा आयोगबाट र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति लिई आएका र साबिक स्थानीय निकायमा नियुक्ति पाई कामकाज गरिरहेका कर्मचारीलाई सम्झनुपर्छ।

घ. **"कार्यविधि"** भन्नाले केपिलासगढी गाउँपालिकाको कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ।

ङ. **"कार्यपालिका"** भन्नाले केपिलासगढी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

च. **"कार्यालय/गाउँपालिका"** भन्नाले केपिलासगढी गाउँपालिकाको प्रशासनिक काम गर्ने ठाउँलाई सम्झनु पर्दछ।

छ. **"तह वृद्धि"** भन्नाले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

ज. **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

झ. **"प्रदेश किताबखाना"** भन्नाले कोशी प्रदेश अन्तर्गत स्थानीय तहमा कार्यरत स्थायी कर्मचारी, समायोजन भई आएका कर्मचारीहरु साथै अन्य सेवाबाट आएका कर्मचारीहरुको अभिलेख राख्ने कार्यालय सम्झनु पर्दछ।

ञ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले केपिलासगढी गाउँपालिकाको प्रशासनिक काम कारबाही गर्ने कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ।

ट. **"प्रदेश लोकसेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

ठ. **"प्रशासन शाखा"** भन्नाले केपिलासगढी गाउँपालिकाको प्रशासनिक काम गर्ने शाखा साथै यस तह वृद्धि सम्बन्धी कार्य गर्ने शाखा सम्झनु पर्दछ।

ड. **"मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय"** भन्नाले कोशी प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्झनु पर्दछ।

केपिलासगढी गाउँपालिका, खोटाङ

ढ. **"सचिवालय"** भन्नाले तह वृद्धि सम्बन्धी काम कारबाही गर्ने कार्यालयलाई सम्झनु पर्दछ।

ण. **"सिफारिस समिति"** भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

**३. <u>सुचना प्रकाशन गर्ने</u>** : (१) यो कार्यविधि बमोजिम केपिलासगढी गाउँपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिको लागि आवेदन पेश गर्न प्रत्येक वर्षको मंसिर १५ र जेठ १५ गते कम्तीमा तीस दिनको म्याद दिइ दरखास्त आह्वान गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना कार्यालयको सूचना पाटी र वेवसाइटमा प्रकाशन गरिनेछ।

**४. <u>निवेदन दिनु पर्ने</u>**: तह वृद्धि हुने कर्मचारीहरुले देहाय बमोजिमको कागजातहरु उपलब्ध गराउनु पर्नेछ।

क. अनुसूची-२ बमोजिमको तह वृद्धि आवेदन फारम।

ख. पछिल्लो तीन वर्षको कार्य सम्पादन मुल्याङ्कन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन।

ग. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/ बढुवा नियुक्तिको प्रतिलिपी।

घ. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र।

ङ. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपी।

च. पेशा सम्बन्धी व्यवसायी परिषदले उपलब्ध गराउने प्रमाण पत्रको प्रतिलिपी (आवश्यक हुनेको हकमा।)

छ. ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु।

**५. <u>तह वृद्धि सिफारिस समितिः</u>** (१) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (४) बमोजिम कार्यपालिकाले तोकेको एकजना महिला सहित बरिष्ठ कर्मचारी २ जना देहायका सदस्य सम्मिलित तह वृद्धि सिफारिस समिति रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख. १ जना महिला कर्मचारी सहित दुइजना वरिष्ठ कर्मचारी- सदस्य

(२) सिफारिस समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

केपिलासगढी गाउँपालिका, खोटाङ

६. **समितिको काम कर्तव्य र अधिकारः** सिफारिस समितिको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ।

क. तह वृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने।

ख. आवेदन पेश गर्नका लागि अनुसूची-१ बमोजिमको सूचना प्रकाशित गर्ने ।

ग. पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

घ. तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने।

७. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** यस कार्यविधि बमोजिम तह वृद्धि हुन दरखास्त दिने कर्मचारीले आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (२) बमोजिम पुरा गरेको हुनु पर्नेछ।

८. **तह वृद्धि गर्न नहुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३० बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्ने छैनः-

क. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर।

ख. तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर।

ग. तलब वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर।

घ. असाधारण वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर।

ङ. स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

९. **तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः** यस गाउँपालिकामा स्थायी दरबन्दी कायम भई अन्तर प्रदेश कामकाजमा खटिएका कर्मचारीहरुको तह वृद्धि हुने, यस गाउँपालिकाबाट अन्य गाउँपालिकामा खटिएका कर्मचारीको हकमा यही गाउँपालिकाबाट तह वृद्धि हुनेछ।

१०. **तह वृद्धि गर्नु पर्नेः** कानुन बमोजिम तह वृद्धिका लागि निवेदन दिने म्याद सकिएको ७ दिन भित्र यस कार्यविधिको दफा-५ बमोजिमका समितिका सदस्यहरुले तह वृद्धिका लागि कार्यपालिकाको निर्णय अनुसार सिफारिस गरिसक्नु पर्नेछ।

११. **सेवा सुविधाः** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (६) बमोजिम हुनेछ।

१२. **जेष्ठता कायमः** स्थानीय सरकार(गठन तथा सञ्चालन) ऐन २०८० बमोजिम हुनेछ।

१३. **जानकारी दिनु पर्ने:** यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१४. **बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार स्थानीय सरकार(गठन तथा सञ्चालन) ऐन २०८० को दफा २७ को उपदफा (४) बमोजिम हुनेछ।

१५. **उजुरी/गुनासो:** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१६. **सचिवालय:** तह वृद्धि सम्बन्धी कार्य गर्न प्रशासन शाखाले सचिवालयको रुपमा काम गर्नुपर्नेछ।

१७. यसै कार्यविधि बमोजिम नियमित गरिने: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि जारी हुनुभन्दा अघि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८० बमोजिम भए गरेका देहायका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम नियमित गरिनेछ।

१८. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

केपिलासगढी गाउँपालिका, खोटाङ

## अनुसूची-१
## दफा ६ को (ख) सँग सम्बन्धित
## केपिलासगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बाक्सिला, खोटाङ।

**प.स.** **मितिः ....................**

**च. नं.**

*स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी सूचना।*

प्रस्तुत विषयमा यस केपिलासगढी गाउँपालिकाभित्र स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको कोशी प्रदेश स्थानीय सरकार सेवा (गठन तथा सञ्चालन ऐन, २०८० को दफा २७ को उपदफा (१) र (२) अनुसार तह वृद्धि गर्न वाञ्छनीय रहेको हुनाले योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र तपसिल बमोजिमका कागजातहरु स्वयमले प्रमाणित गरी प्रशासन शाखामा निवेदन पेश गर्नु हुन जानकारीको लागि सूचना प्रकाशन गरिएको छ।

तपसिलः

१. तह वृद्धि सम्बन्धी निवेदन।

२. सेवा अवधि पुष्टि हुने नियुक्ति पत्र

३. सरुवा तथा रमाना पत्रको प्रतिलिपी (सरुवा भई आएको कर्मचारीको लागि।।

४. पछिल्लो तीन बर्षको कार्य सम्पादन मुल्याङ्कन फारम।

५. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

६. समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्र।

७. अध्ययन बिदा असाधरण विदा/ बेतलबी बिदा नलिएको सिफारिस पत्र।

८. न्यूनतम शैक्षिक योग्यताको प्रमाण-पत्र।

.....................................

प्रमुख प्रशासकीय अधिकृत

केपिलासगढी गाँउपालिका, खोटाङ

| |
|---|
| कार्यालय दर्ता नं. |
| मितिः |

**अनुसूची-२**

**दफा ४ को (क) सँग सम्बन्धित**

**केपिलासगढी गाउँपालिका**

**गाउँपालिकाको कार्यालय**

**बाक्सिला, खोटाङ**

**(तहवृद्दि आवेदन फारम)**

| |
|---|
| उम्मेदवारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो |

**१.सूचनाको विवरण**

| | |
|---|---|
| तह वृद्दिको सूचना नं. ............. | मितिः:....................................... |
| सेवा/ समूहः .................................... | तह वृद्दि हुने तहः ........................ |

**२.उम्मेदवारको विवरण**

| | |
|---|---|
| उम्मेदवारको नाम, थर (देवनागरीमा):................................................ | |
| उम्मेदवारको नाम, थर (अंग्रेजीमा):............................................... | ठेगानाः........................ |
| बहाल रहेको कार्यालयः .................................................. | |
| बाजेको नामः ................................................ | |
| बाबुको नामः ................................................ | |
| सेवाः .................................... | समूह/ उपसमूहः ................................. |
| पदः ..................................... | तहः ............................... |
| नागरिकता प्रमाण पत्र नं. .......................... | कर्मचारी संकेत नं. ..................... |
| जारी जिल्लाः .................................. | मोवाइल नं. ............................. |

**३.सेवाको विवरण (शुरुदेखि हालसम्मको)**

| क्र.सं. | सेवा/समूह / उपसमूह | कार्यालयको नाम | नियुक्ति वा बढुवा मिति | बहाल रहेको मिति | | असाधरण बिदा बसेको भए सोको अवधि | | अध्ययन बिदा बसेको भए सोको अवधि | | कसरी आएको (खुला, बढुवा, समायोजन, सरुवा) | स्थायी नियुक्ति गर्ने कार्यालय | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | | | |
| | | | | | | | | | | | | |

४.हालको तह (समायोजन हुनु भन्दा पहिलाको समेत) मा तह वृद्धिको लागि निवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि ..........................वर्ष ..........................महिना ................दिन

५.तह वृद्धिको लागि योग्य भए/ नभएको अवस्थाः

क. विभागिय कारबाही भएको/ नभएको ...................................

भएको भए कुन कारबाही भएको हो, सकिने अवधि उल्लेख गर्नुहोसः ........................

ख. ऐनको दफा २८ बमोजिमको तह वृद्धि हुने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/ नगरेकोः ...........................................

ग. असाधरण बिदा बसेको/ नबसेकोः ................................

घ. निलम्बनमा परेको/ नपरेकोः .....................................

ङ. पेशासँग सम्बन्धित व्यवसायी परिषदको प्रमाणपत्र अवधिः ................................

च. सेवा समूह परिवर्तन गरे/ नगरेको (गरेको भए मिति उल्लेख गर्नुहोस) ....................

६.माथि उल्लेखित विवरण ठिक छ। झुट्टा टहरे कानून बमोजिम सहुँला/ बुझाउँला भनी सही छाप गर्नेः

कर्मचारीको नाम, थरः .......................................

संकेत नं. .......................................................

पदः ..............................................................

तहः ..............................................................

सही र मितिः ..................................................

| ल्याप्चे सही छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

केपिलासगढी गाउँपालिका, खोटाङ

| | |
|---|---|

केपिलासगढी गाँउलिका, खोटाङ

**तह वृद्धिको निर्णय (कार्यालयको प्रयोजनका लागि)**

क. आवेदक कर्मचारीको समायोजन हुनु पूर्व र समायोजन पश्चात गरी हालको तहमा पूरा गरेको सेवा अवधि

समायोजन पूर्व ...................... वर्ष, .....................महिना, .......................... दिन

समायोजन पश्चात ...................... वर्ष, .....................महिना, .......................... दिन

जम्मा सेवा अवधि ...................... वर्ष, .....................महिना, .......................... दिन

ख.आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अंक र सोको औषतः

अ. आ.व....................../..................... को प्राप्ताङ्क ...............................

आ. आ.व....................../..................... को प्राप्ताङ्क ...............................

इ. आ.व....................../..................... को प्राप्ताङ्क ...............................

ग. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ को उपदफा (१) तथा कार्यविधिको दफा (४) बमोजिमको न्यूनतम योग्यता पूरा गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट समान सेवा, समूह, उपसमूहमा रहने गरी एक तह वृद्धि गर्ने निर्णय गरिएको छ ।

निर्णय मितिः ................................. तह वृद्धि निर्णय लागू हुने मितिः ........................

वृद्धि हुने तह : ............................ सेवाः .........................................................

समूह/उपसमूहः ............................ पदः .......................................................

| **सदस्य** | **सदस्य** | **संयोजक** |
|---|---|---|
| हस्ताक्षर -................ | हस्ताक्षर -................ | हस्ताक्षर -................ |
| नाम, थर | नाम, थर | नाम, थर |
| संकेत नं. | संकेत नं. | संकेत नं. |
| मिति - | मिति - | मिति - |

**(कार्यालयको छाप)**

केपिलासगढी गाँउपालिका, खोटाङ

**अनुसूची -३**

**दफा ६ (घ) सँग सम्बन्धित**

**(लेटर हेड)**

मितिः

........../...../......

**विषयः- <u>तह वृद्धि गरिएको सम्बन्धमा।</u>**

महोदय,

तपाईलाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० र केपिलासगढी गाउँपालिकाको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ बमोजिम मिति .............. गतेको निर्णयानुसार दफा (११) बमोजिम जेष्ठता कायम हुने गरी ................ तहमा तह वृद्धि गरिएको छ। अधिकृतस्तर/सहायकस्तर तहमा .................. तह वृद्धि हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना दिदै तपाईलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकारप्रति कर्तव्यनिष्ठ भई प्रचलित ऐन, कानूनको परिधिभित्र रहेर पारदर्शी, निष्पक्ष, अनुशासित भई सकारात्मक सोच र उर्जाका साथ कार्य सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा सहित तह वृद्धि गरिएको छ।

<u>तपसिलः</u>

| साविक सेवा, समूह, तह | तह कायम गरिएको सेवा, समूह, तह |
|---|---|
| सेवाः- | सेवाः- |
| समूहः- | समूहः- |
| पद/पदनामः- | पद/पदनामः- |
| सो पदमा नियुक्ति मितिः- | तहः- |
| समायोजन पदः- | पदस्थापन गरिएको कार्यालयः केपिलासगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाक्सिला, खोटाङ। |
| समायोजन मितिः- | |
| कार्यालयः- केपिलासगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाक्सिला, खोटाङ। | |

**श्री............................**

**कर्मचारी संकेत नं.................**

**<u>बोधार्थ-:</u>**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, बिराटनगर।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाण्डौ।
श्री प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, बिराटनगर।
श्री राष्ट्रिय किताबखाना (निजामति), हरिहरभवन, ललितपुर ।
श्री प्रदेश किताबखाना, कोशी प्रदेश, बिराटनगर ।
श्री कर्मचारी संचयकोष, काठमाण्डौ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङ ।

......................
प्रमुख प्रशासकीय अधिकृत

केपिलासगढी गाउँपालिका, खोटाङ

श्री आर्थिक प्रशासन शाखा केपिलासगढी गाउँपालिका, बाक्सिला, खोटाङ।

**प्रमाणिकरण मितिः २०८१/०७/१२**

**आज्ञाले,**

**नामः सौ धन राई**

**प्रमुख प्रशासकीय अधिकृत**

केपिलासगढी गाँउपालिका, खोटाङ